नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................ शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ६३०८८

मिति : २०७८-०३-२४

विषय :- **कम्पनी गाभ्ने स्वीकृति बारे ।**

**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था (लि. नं. ११७१०६)**
निलकण्ठ-५,धादिंग,बाग्मती

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७८/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम नेशनल माईक्रोफाईनान्स लघुवित्त वित्तिय संस्था लि. ( लि.नं.११७१०६) मा महिला सहयात्रा लघुवित्त वित्तिय संस्था लि. ( लि.नं. १३३४) लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण ऋण धन र दायित्व हालको कम्पनीले व्यहोर्ने र बुझाउनु बाँकी रहेको विवरण समेत बुझाउने सकार्ने गरी महिला सहयात्रा लघुवित्त वित्तिय संस्था लि. ( लि.नं. १३३४)लाई नेशनल माईक्रोफाईनान्स लघुवित्त वित्तिय संस्था लि. ( लि.नं.११७१०६) मा गाभ्न मिति २०७८/०३/२४ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै कम्पनीले देहाय बमोजिम शर्तहरु पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।
१. गाभिएपछि कम्पनीको पूँजी संरचना मिलाई पेश गर्ने।
२. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने सञ्चालक लगत पेश गर्ने ।
३. गाभिने कम्पनीको जारी शेयर प्रमाण पत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सो को जानकारी दिने ।
४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको (क) बर्गको दैनिक पत्रिकामा प्रकाशन गरी सोको जानंकारी ३० दिन भित्र यस कार्यालयलाई दिने ।
५. गाभिएपछि गाभिने कम्पनीको ऋण धन दायित्व सम्पूर्ण गाभ्ने कम्पनीले व्यहोर्ने छ ।
६.नेपाल राष्ट्र बैंकको प.सं. बैं.वि.नि.वि./मर्जर/९९/०७७/०७८ मिति २०७८।०३।१५ को अन्तिम स्वीकृति प्रदान गरिएको पत्रमा उल्लेखित शर्त प्रक्रिया पूरा गरी सो बारे जानकारी दिने।

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री नेपाल राष्ट्र बैंक , काठमाणडौ ।
श्री नेपाल धितोपत्र बोर्ड , ललितपुर ।
श्री नेपाल स्टक एक्स्चेन्ज ,लि. काठमाण्डौ।
श्री सिडिएसी , काठमाण्डौ।
श्री मध्यम करदाता कार्यालय ,काठमाण्डौ।
श्री महिला सहयात्रा लघुवित्त वित्तिय संस्था लि. ( लि.नं. १३३४)

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(........................... शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८

चलानी नम्बर :- ६३०९३

मिति : २०७८-०३-२४

विषय :- पूँजी वृद्धि सहित प्रबन्धपत्रमा भएको संशोधन अभिलेख सम्बन्धमा।

**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था (लि. नं. ११७१०६)**

निलकण्ठ-५,धादिंग,बाग्मती

त्यस कम्पनीको मिति २०७८।०२।२५ गतेको बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको जारी तथा चुक्ता पूँजीलाई निम्न बमोजिम कायमा गर्न स्विकृती प्रदान गरिएको छ । साथै प्रबन्धपत्रको दफा ५ को (ख)र (ग) मा भएको संशोधनलाई अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७८।०३।२४ को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| जारी पूँजी रु. | ३१,९४,९४,७५२।- | ४१,९०,५३,५५२।- |
| चुक्ता पूँजी रु. | ३१,९४,९४,७५२।- | ४१,९०,५३,५५२।- |

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

**बोधार्थ**

श्री नेपाल राष्ट्र बैंक , काठमाणडौ ।

श्री नेपाल धितोपत्र बोर्ड , ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेन्ज ,लि. काठमाण्डौ।

श्री सिडिएसी , काठमाण्डौ।

श्री मध्यम करदाता कार्यालय ,काठमाण्डौ।